नगर कार्यपालिकाको १९औं बैठक मिति २०८२/०३/०४ मा प्रस्तुत प्रस्तावहरु:

१. योजना कार्यान्वयन आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटको लागि प्राप्त हुने स्रोत सम्बन्धमा
२. बस्तीस्तरका योजना छनोट तथा वडाको सिलिङ सम्बन्धमा
३. शाखागत कार्यक्रम कार्यान्वयनको अवस्था र बजेट प्रस्ताव सम्बन्धमा
४. विषयगत समितिको बैठक सम्बन्धमा
५. आर्थिक सहायता सम्बन्धमा
६. विविध

## निर्णयहरु

१. यस नगरपालिकाको आ.व.२०८२/८३ को वार्षिक बजेट तर्जुमाको सन्दर्भमा संघ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न स्रोतहरुको सम्बन्धमा छलफल गरियो ।

२. यस नगरपालिकाका सम्बन्धित वडाहरुले आगामि आर्थिक वर्षको लागि बस्तीस्तरबाट छनौट गरी प्रस्ताव गरेका योजनाहरुको सम्बन्धमा छलफल गरियो। सम्बन्धित वडाहरुबाट आगामि आर्थिक वर्षको बजेटमा समावेश गर्नको लागि बस्तीस्तरबाट छनौट गरेका आयोजनाहरु मध्ये प्राथमिकताको आधारमा प्रत्येक वडाले ३५ लाखको सिलिङभित्र रही आयोजना प्रस्ताव गरी नगरपालिकाको कार्यालयमा मिति २०८१।०३।०९ गतेसम्म पेश गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको विषयगत शाखाहरुबाट चालु आर्थिक वर्षमा भएका योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको बारेमा छलफल गरियो । शाखाहरुबाट आगामि वर्षको लागि प्रस्तावित कार्यक्रम तथा बजेटको बारेमा छलफल गरी प्रस्तावित कार्यक्रम र बजेटलाई यथार्थपरक र वस्तुपरक बनाई पुनः आगामि कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

४. आगामि आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमाको सम्बन्धमा आवश्यक तयारी गर्न नगरपालिकाका विषयगत समितिहरुको बैठक मिति २०८२।०३।८ गते विहान ८:००

२०८२।०३।०४
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०३।०४
कर्ण बहादुर बुढाथोकी
नगर प्रमुख

बजे र नगर कार्यपालिकाको बैठक मिति २०८२।०३।९ गते दिउसो २:०० वजे वस्ने निर्णय गरियो ।

५. यस नगरपालिकामा राहत तथा आर्थिक सहायता उपलब्ध गराइपाउँ भनी रितपूर्वक निवेदन पेश गरेका तपसिल वमोजिमका व्यक्तिहरुलाई तपसिल अनुसारको राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| नाम थर | क्षतिको विवरण | रकम रु. |
|---|---|---|
| गोपाल थापा | प्राकृतिक विपत्ति | १०,०००।- |
| खिमलाल वि.क. | आगलागी | १०,०००।- |
| भिम बहादुर बुढा मगर | प्राकृतिक विपत्ति | १०,०००।- |

२०८२।०३।०४

प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर बुढाथोकी
नगर प्रमुख